# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा ।

**आ.ब. २०७६।०७७ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०७६।०७।०४ गते सोमबार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११ (२) (घ) को (६) बमोजिम पालुङटार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर समेतको) लगाएतका नदिजन्य सामाग्रीहरुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न चालु आ.ब. को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय व्यवस्थापन गर्न ठेक्काहरुबाट बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फाराम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, हालसम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित सो फर्म कार्य गर्न योग्य भएको र कालो सूची (Black List) मा नपरेको स्वघोषणा (Declearation) पत्र सहित तोकिएको दस्तुर यस कार्यालयको कृषि विकास बैंक लिमिटेड, पालुङटार शाखामा रहेको खाता नं.०३१७७००९५९५३१०१० (ग-४-१/संचित कोष) मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरि रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र आव्हानको यो सूचना प्रकासित गरिएको छ ।

<u>तपशिल</u>

| क.स | ठेक्का नम्बर र आर्थिक बर्ष | ठेक्का विवरण | ठेक्काको क्षेत्र र उत्खनन हुने अधिकतम परिमाण (घन फिट) | कबोल गर्नुपर्ने न्यूनतम रकम अंक रु (VAT र अग्रिम आयकर बाहेक) | बोलपत्र फाराम दस्तुर रु | धरौटी राख्नुपर्ने रकम रु |
|---|---|---|---|---|---|---|
| १. | १-२०७६/०७७ | पालुङटार नगरपालिका, वडा नं. ३ क्षेत्र भएर बग्ने चम्पावती (चेपे) नदीको भण्डारथोक घाटको ढुंगा, गिटि, बालुवा | १०७९०१।७५ | ६,४७,४१०।५ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| २. | २-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको बालुवा बगरको ढुंगा, गिटी, बालुवा | १५८३७४।८ | ९,५०,२४८।८ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| ३. | ३-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको ढिकुरे बगरको ढुंगा, गिटी, बालुवा | १२२४१९।४४ | ७,३४,५१६।६४ | १०००। | बोल कबोल अंकको ५% ले हुन आउने रकम |
| ४ | ४-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको सतीघाट बगरको ढुंगा, गिटी, बालुवा | ५७०७२ | ३,४२,४३२। | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| ५ | ५-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको अबण्डा बगरको ढुंगा, गिटी, बालुवा | ४९७९५।३२ | २,९८,७७१।९२ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| ६ | ६-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको चनौटे घाट बगरको ढुंगा, गिटी, बालुवा | १२७००० | ७,६२,०००। | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| ७ | ७-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने दरौदी नदीको दश किलो घाट-१, को ढुंगा, गिटी, बालुवा | २६६४७४।२ | १५,९८,८४५।२ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |

बलराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ८-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने भुसुण्डे खोला-१, भुसुण्डे खोला-२,को ढुंगा, गिटी, बालुवा | ९५७३११५ | ५,७४,३८६१९ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| ९ | ९-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको कुनाखेत बगरको ढुंगा, गिटी, बालुवा | २७४८०११६८ | १६,४८,८१०१०८ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| १० | १०-२०७६/०७७ | पालुङटार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङदी नदीको खोलाघाट बगरको ढुंगा, गिटी, बालुवा | १२५२०११७ | ७,५१,२१०१२ | १०००। | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |

## शर्तहरु :

१. ईच्छुक बोलपत्रदाताहरुले रु १०००। (एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिन वा मिति २०७६/०७/१८ गते सोमबार कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी सक्नुपर्नेछ ।

२. बोलपत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७६।०७।१९ गते मंगलबार दिनको १२ बजे भित्र र कार्यालयमा दर्ता भएका बोलपत्र फाराम खोल्ने मिति २०७६।०७।१९ गते मंगलबार दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको अवस्थामा बोलपत्र फाराम खोल्न बाधा पर्नेछैन ।

३. वोलपत्र फारम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ ।

४. शर्त सहितको बोलपत्र फाराम मूल्याङ्कनमा समावेश गरिनेछैन । बोलपत्रदाताले कबोल गरेको रकम अंक र अक्षरमा स्पस्ट लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकम अंकलाई मान्यता दिईने छ । काटेको अंक र अक्षरमा बोलपत्रदाताको दस्तखत गर्नुपर्नेछ अन्यथा मान्यता दिइनेछैन ।

५. बोलपत्र दाताले वोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम कृषि विकास बैंक लि. पालुङटार शाखामा रहेको यस कार्यालयको ०३१७७००९५९५३२०१७ (ग-३/धरौटी) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. ठेक्का स्वीकृत पश्चात बोलपत्रदाताले कवोल गरेको रकममा मूल्य अभिवृद्धि कर (VAT) र अग्रिम आयकर सहितको रकम थपगरी हुन आउने जम्मा रकम अंकको ५०% ले हुन आउने रकम सम्झौता गर्नुपूर्व कार्यालयमा नगद जम्मा गर्नुपर्नेछ र बाँकि ५०% रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकको कम्तीमा २०७७ आषाढ मसान्तसम्मको म्याद भएको यस कार्यालयको नामामा जारी भएको बैंक जमानत पेश गर्नुपर्नेछ । बोलपत्रदाताले सम्झौताको समयमा ठेक्काको बोल कवोल गरेको सम्पूर्ण रकम कार्यालयमा एकमुष्ट वुझाएमा ठेक्का अंक ( मूल्य अभिवृद्धि कर (VAT) र अग्रिम आयकर बाहेक बोलपत्रदाताले बोलकबोल गरेको रकम अंकको) रकमको सहुलियत स्वरुप १०% छुट दिन सकिनेछ ।

८. ठेक्का अवधी चालु आर्थिक वर्ष २०७६/०७७ को सम्झौता भएको मितिदेखि प्रारम्भ भई २०७७ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।

९. बोलपत्रको प्रत्येक पाना/पेजमा बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ, ठेकेदार र कार्यालय बीच ठेक्काका शर्तहरुको सम्वन्धमा कुनै बिबाद सृजना भएमा पालुङटार नगर कार्यपालिकाबाट भएको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै उजुर बाजुर लाग्नेछैन । बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. शुल्क संकलन गर्ने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको दस्तखत र छाप लगाई कार्यालयमा रसिद नंम्बर दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्न प्रयोगमा ल्याउनुपर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि गरेको विवरण यस कार्यालयमा पेश गर्नुपर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन । रित नपुगी वा म्याद नाघी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।

११. ठेकेदारले ढुङ्गा, गिट्टी, र वालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा मर्स्याङदी नदी, चेपे नदी र भुसुण्डे खोलाको स्विकृत (IEE) मा उल्लेखित शर्तहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ । (IEE) शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाईनेछैन र सो अवधीको क्षती वा मिनाहाको लागि माग दावी गर्न पाइनेछैन ।

बलराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

१२. सम्मानित अदालत, नेपाल सरकारको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु गराउनु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ ।

१३. नदीजन्य पदार्थ उत्खनन् गर्न ठूला मेशिनरी उपकरण प्रयोग गर्नुपर्ने अवस्थामा पालुङटार नगर कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

१४. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाईने छैन । तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिंग बोर्ड अनिवार्य रुपमा राख्नुपर्नेछ ।

१५. तोकिएको किस्ताको रकम म्यादभित्र कार्यालयमा नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बुझाउन बाँकि किस्ताको रकम ठेकेदारले कार्यालयमा पेश गरेको बैंक जमानतको रकमबाट असुल उपर गरिनेछ, सो अवस्थामा बुझाउन बाँकि रकमको १० प्रतिशतले हुन आउने रकम थप जरिवाना समेत जोडी सरकारी रकम बाँकि सरह असुल उपर गर्ने प्रक्रिया अगाडि बढाइनेछ र त्यस्तो ठेकेदारलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिनेछ ।

१६. नदी किनार तथा आसपासका बनस्पती र जिबजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय राजमार्ग र सहायक राजमार्गका दायाँ बायाँ निषेध गरिएका स्थान बाहेक तोकिएका स्थानहरुबाट मात्र नदीको बहाब परिवर्तन नहुने गरी बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र नदीजन्य पदार्थहरु झिक्न पाइनेछ, हावा चलेको बेलामा वा पानी चुहिने गरी, धुलो उडने गरी ढुवानी गर्न पाइनेछैन, ढुवानी गर्दा छोपेर प्रचलित कानूनको अधिनमा रही गर्नुपर्नेछ, अन्यथा नियमानुसार कारवाही गरिनेछ ।

१७. मोटरेवल पुल, कजवे तथा कल्भर्टबाट दुबै तर्फका पुलहरुको ५०० मिटर अपस्ट्रिम र ५०० मिटर डाउनस्ट्रिमसम्म सामाग्री निकाल्न पाइनेछैन, घाटसम्म जाने सडकको निकास ठेकदार आफैले व्यवस्था गर्नुपर्नेछ ।

१८. नदीजन्य सामाग्रीहरुको ढुवानी गर्दा राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइनेछैन, असर नपर्ने गरी सडक निर्माण गर्दा लाग्ने खर्च ठेकेदारले व्यहोर्नुपर्नेछ, सडक निर्माण गर्दा स्थानीयस्तरमा बिवाद सृजना भएमा त्यसको सामाधान गर्ने जिम्मेवारी ठेकेदारको हुनेछ । सार्वजनिक आवागमनमा वाधा अवरोध हुने गरी सामाग्रीहरु जम्मा गर्न पाइनेछैन ।

१९. ठेक्का व्यवस्थापन गर्दा बालश्रम प्रयोग गर्न निषेध गरिएको छ, मजदुरको ज्यालाको हकमा पालुङटार नगर कार्यपालिकाको बैठकबाट स्वीकृत ज्याला दररेटमा कम नहुने गरी ज्याला दिनुपर्नेछ ।

२०. यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

२१. अन्य विस्तृत जानकारीको लागि पालुङटार नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । यो सूचना पालुङटार नगरपालिकाको वेवसाइट www.palungtarmun.gov.np मा गएर पनि हेर्न सकिनेछ ।

.............................................

प्रमुख प्रशासकीय अधिकृत

**बलराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**